बागलुङ बसाईमा सम्झेका केही अनुहार र अनुभूतिहरू



प्रदीप सापकोटा

> वर्षातको याम, चिप्लो बाटो, उसमाथि काँस घाँसको घारी बाटोमा । कतिपल्ट लडेर उठाए दिनानाथ सरले गनिसाध्य भएन । कतै बास पाइएन । कतै केही खान पाइएन । हामी १२ घण्टा विना खाना, पानी हिँडिरह्यौं । कतै उकालोमा पसिना पुछ्दै त कतै ओरालोमा चिप्लेटी खेल्दै । एक ठाउँमा दुई-तीन घरमा हामीले मकै एकघान भुटेर खान दिनुस् हामी पैसा दिन्छौं भन्दा पनि कोही मनुवा हाम्रो भोक मेटाउन तयार नभएको दुःखद् यथार्थ हाम्रोसामु आइलागेको थियो । कतै मान्छे हामी आँगनमा पुग्दा दैलो बन्द गर्थे । कोही बोल्न अनकनाउँथे । अनि कतैचाहिँ सत्यकुरा भन्दैनथे । सायद सशस्त्र द्वन्द्वको मारमा परेर होला । कोही हामीलाई सरकारी सुराकी ठान्थे । कतैचाहिँ विद्रोही पक्ष । सायद हामी कोहीकसैसँग परिचित नभएर होला । बास्तबमै वडो विषम परिस्थिति थियो

आँखा मात्रै होइन धेरैका आँखा रसाएर टिलपिलाएको देखेको थिएँ । दुर्गा दिदी कति टोलाएकी थिइन् । अम्बिका दिदी उस्तै निन्याउरी देखिइन् । केयर सिंह दाइले पनि मेरो प्रशंसामा धेरै समय खर्च गर्नुभएको थियो । मलाई अबिर र मालाले रंग्याइएको थियो । भर्खर कलेज सुरु गरेका बहिनीहरूले डायरी उपहार दिएका थिए । सबैले मलाई टीका लगाइदिए । भावुक बनें त्यहाँको माहोलले म । तर छिट्टै सम्हालिएँ । दुनियाँको दस्तुर यस्तै हो मिलनपछि बिछोड । बिछोडपछि मिलन त हुन्छ हुन्न कुन्नी, एकछिन सबैतिर नजर डुलाएँ । सबैजसो अध्यारो मुहार पारेर बसेका छन् । म पनि बोल्नसक्ने परिस्थितिमा थिइनँ र पनि बलजफ्ती बोलें ।

'आत्मीयजनहरू, मिल्नु र छुट्टिनु त जीवनको चक्र न हो । हामी बिछोडपछि फेरी मिल्नेछौं । यो नेपाल उतिसाह्रो ठूलो छैन ताकि फेरी कहिँ न कहिँ भेट नहोस् । त्यसैले बिछोडको सन्त्रासबाट हामी सबै मुक्त हुनुपर्दछ । काभ्रे जिल्लाको फुच्चे केटा म । यहाँ आएर आफ्नो परिवारसँग बिछोडिएको महसुस गर्नुपरेन । यहाँहरूको मायाप्रेम, सहयोग, सद्भाव र आत्मीयताप्रति अनुगृहित छु । मेरो मनको अनुभूति शब्दमा पोख्न सम्भव छैन ।' मैले भनिरहँदा गला अवरुद्ध भयो । हामीले अन्त्यमा सामूहिक फोटो सेसन गर्यौं जुन अद्यापि मसँग छँदै छ । दुर्गा, अम्बिका र रत्ना दिदीहरू घसघसाको उकालोसम्म पुऱ्याउन आए । छुट्टिने बेलामा दुर्गा र अम्बिका दिदी छाँद हालेर रोए । रत्ना दिदीले मन अमिलो पारिन् । ' लाउनुस भाइ, गरिब दिदीले केही दिन सकिनँ । अलिकति खट्टे र भटमास भुटेर राखिदिएकी छु, बाटोमा खाजा खानु । सुन्तोलाका दाना टिपेर राखिदिएकी छु । यसो मुख सुक्दा खाँदै जानु है ।' दुर्गादिदीको माया बोल्यो । मैले हार्दिकताकासाथ त्यो पोको समाएँ र झोलामा हाले ।

'प्रदीप भाइ, नभुल्नु है दिदीलाई । याद आउँदा रुमाल हेर्नु, त्यसमा यो दिदी देखिन्छे ।' अम्बिका दिदीले आँसु झार्दै भनिन् ।

'सर, हजुरसँग चिनापर्ची भो । जिन्दगीप्रतिका धेरै सकारात्मक सोचाइहरू सिकें । आत्मीयता गाँसियो । यो नादान केटीलाई केही भनी बिझाएकी भए माफ दिनुहोला आफ्नै बहिनी सम्झेर ।' अमृतामा पहिलेको कुराले पश्चात्तापको भाव देखिन्थ्यो । उनले मसँग प्रेम प्रस्ताव राखेकी थिइन् । मैले सिधासिधि आफू विवाहित भएकोले यस्तो कुरा नगर्न भनेको थिएँ । उनले एउटा डायरी दिइन् । मैले हार्दिकतासाथ स्वीकारें । यो डायरी अद्यापि मेरो दराजमा भेटिन्छ । 'सर, म बाग्लुङ बजार आउँदा हजुरसँग भेट अवश्य हुनेछ हजुरको अफिसमा ।' रत्ना दिदीले केही दिनमै भेट हुने बताइन् । म अझै १५ दिनजति बस्नेवाला थिएँ बाग्लुङ ।

सबैलाई हात जोडेर आँखाभरी बिछोडका आँसु पारेर उक्लिएँ म घसघसाको उकालो घोडाबाँधेको लागि । उनीहरूको सामिप्यतामा मैले आफ्नो कार्यक्रमलाई सफल पारेको हुँ । यता घसातिरका अग्लाकदका व्यक्तित्व, शीतलपाटी प्राविका हेडसर तुलसीराम भण्डारी सर, उनीसँग मेरो सामिप्यता अलिबढी नै भयो । ममाथि आक्रमणको प्रयास भएको दिन मलाई बाग्लुङबजार पुऱ्याउन आउने उनी नै थिए । उनका दाजु भारतीय फौजीबाट रिटायर्ड डम्बरसिंह भण्डारी दाई मेरो मष्तिष्कमा अनुहार आइरहने नाम हो । मेरो जीवन जोखिम हुनबाट बचाएका थिए उनले । यसरी नै त्यहिँका पसले दाजु याविन्द्रसिंह भण्डारी जहाँ मैले छोराकै रूपमा माया पाएँ । धेरैसमय व्यतित गरेको परिवार हो त्यो । धनबहादुर भण्डारी दाइको नि याद आउँछ । उहाँकोमा पनि बास बसेको थिएँ । ज्योतिष गुरु बलराम शर्मापौडेल जसले मेरो भविष्यबारे बताएका थिए । संयोग हो कि यथार्थ हो कुन्नी धेरै कुराहरू मेरो जीवनमा मेल खायो । उनले केही दिनमै तपाईंको जिन्दगीमा अनिष्ट हुनसक्छ भनेका थिए । उनले भनेको पर्सिपल्टै ममाथि असफल खुकुरी प्रहार भएको थियो । उनले मेरो अनुरोधविना नै चिनाटिपन पनि बनाइदिएका थिए । चिनाटिपन सुरक्षित छ मसँग । उनी जजमानी गर्न एकाबिहानै घरबाट बाहिर निस्कन लाग्दा तत्कालीन द्वन्द्वरत पक्ष र सेना बीचको भिडन्तमा मझेरीमै ढलेका थिए । पछि सेनाको हेलिकोप्टरले काठमाडौं ल्याएर उपचार गरेको थियो । उनी शरीरभरी द्वन्द्वकालीन गोलीका छर्रा बोकेर जिइरहेका मान्छे हुन् । मेरो मानसपटलमा यादगर बनेका छन् सबैजना । यसैगरी नरबहादुर श्रीस जो गाविस पूर्वउपाध्यक्ष थिए, हाम्रो कार्यक्रमका संयोजक उनी पनि रमाइला मान्छे । उनको कमजोरी मात्र रक्सी पिउँथे धेरै र प्रायः । तर भलादमी उत्तिकै । अरूलाई भनी नबिझाउने स्वभाव ।

पवित्रा श्रीस आमा, उमेरले त्यतिबेलै तीन बीस कटेकी थिइन् । होचो कदकी हँसिलो मुहारकासाथ सदा प्रस्तुत हुने उनी शीतलपाटीमुनि कोदोखोरियाकी थिइन् । महिला स्वास्थ्य स्वयंसेविका पवित्रा आमामा भएको जोशजाँगर सम्मानलायक थियो । मलाई संकटपर्दा दर्बिलो ढंगले उत्साह भरेकी थिइन् उनले । सायद उनले भूमिका नखेलेकी भए मलाई साँझको बेला जंगलको बाटो एक्लै यात्रा गर्नुपर्ने अवस्था आउँथ्यो, जुन कम्ती गाह्रो कुरा थिएन ।

गाजाको लेक कटेर फेरी ओरालो अनि फेरी तेर्सो । बल्ल आइपुग्छ बरँड । त्यहाँ नरबहादुर विकसँगको मित्रता झाँगियो अनायासै । पहिलोपटक जाँदा त्यहाँको गाउँले होटलमा बास बसेको म । दोस्रो पटकदेखि उनकैमा बस्ने । धन बहादुर विक नरबहादुरको दाइ र उनकी श्रीमती कालीदिदीलाई कहाँ बिर्सन सक्छु र यसैगरी नरबहादुरको बुवा हुलाकमा कार्यरत थिए । नरबहादुरजी जनमोर्चाको स्थानीय नेता । उनको घर उनका राजनीतिक दलका नेताहरू आँउदा बास बस्ने थलो रहेछ । जनताका चर्चित जनगायक जीवन शर्मालाई त्यहाँ पनि भेटे मैले । एकपटक नरबहादुरकोमा बस्दा एउटा घट्ना घटेको थियो । स्थानीय जनमोर्चा (चित्र बहादुर केसी)का कार्यकर्तालाई विद्रोही माओवादीहरूले अपहरण गरी लगेका रहेछन् । उनलाई छुटाउन त्यहाँका जनमोर्चाहरूले माओवादी कार्यकर्ता आफ्नो कब्जामा लिएका थिए । त्यो दिन नरबहादुरको सपरिवार मलाई मात्र घरमा छोडेर माओवादी लखेट्न गएका थिए । राती आए उनीहरू । म भनें नर्भस थिएँ । त्यो घर साँझमा मैले एक्लै रुग्नुपरेको थियो ।

त्यस्तै काशिराम पौडेल सर, देवबहादुर पुन हेडसर हरेक कुरालाई सकारात्मक रूपमा हेर्ने स्वभावका थिए । धनिश्वर पौडेल सर, थानेश्वर पौडेल सर जो बरेडको महेन्द्र मावि का शिक्षकहरू कहाँ बिर्सनु । मेरो कार्यक्रमकी सामाजिक कार्यकर्ता दीपा रानामगर, म उनलाई मोटी भनेर जिस्क्याउँथे । अत्यन्तै सरल स्वभाव उनको । उनी निजीस्रोतमा बरेडको हाइस्कुलमा पढाउँथिन् । उनका मावलीका हजुरबासँग भलाकुसारी गर्न खुब मन पराउँथे म । उनीबाट पुराना धेरैकुरा जानेको थिएँ । त्यहाँ पटकपटक खाजा खाएको छु । उहाँहरूको आत्मीय मन । आफ्नोपन । भुलिनसक्नु उनीहरूसँग बिताएका पलहरू । गमबहादुर सर बरेड बजार नपुग्दै हेल्थपोस्टभन्दा केहीमाथि घर थियो उनको । मज्जा लाग्थ्यो उनीसँग गफिन । मधुर मुस्कानका धनी गमबहादुर सर जहिल्यै बिस्तारै बोल्थे । अर्को बिर्सन नसकिने नाम दिलमाया दिदी उनको सामाजिक कार्यमा समर्पित भएर लाग्ने स्वभाव । हँसिली तथा फरासिली । सबैसँग सहजै घुलमिल हुने स्वभाव थियो । पटकपटकको आवागमनमा त्यहाँको समुदायमा घुलमिल भएर बसें । उसो त नयाँ वर्षको उपलक्ष्यमा वनभोज पनि गयौं हामी । नाचगान, दोहोरीको मज्जा लिई गजब रमाइलो गरियो । खसी मार हानियो ।

त्यस्तै यादगर छ । हुग्दिशीरको डाँडाकटेरी गाउँ । जयलाल शर्मा स्थानीय प्राविका शिक्षक । उनको घरमा धेरैपटक बसेको छु । पहिलोपटक आँटो खाएँ त्यहाँ । बुढा बा, जयलालको जोडी र दुई छोरा सानो परिवार तर सरल परिवार । उहाँको भन्दा केहीमाथि श्यामलाल दाइको परिवार । चिसो याममा त्यो घरको मकै भटमास आहा ! पूर्व वडा अध्यक्ष जनमोर्चाबाट जितेका । तर जातीयताका कट्टर समर्थक । उनको बुढीआमा पनि छिन् । छोरा र छोरी पनि । श्यामलाल दाइकोमा पनि एक छाक खाना खाएको छु । जयलालजीको घरभन्दा अलिक तल मुनिश्वर शर्माको घर छ । उनकी बहिनी विष्णु अत्यन्तै सज्जन लाग्छिन् । त्यो परिवारसँग पनि समय बिताएको छु । भाँगो र उवाको खाजा खाएको छु । डाँडाकटेरी गाउँको तल कलकल बग्ने ठाडो भण्डारखोला । जुकालाई रक्तदान धेरै गरेको थिएँ मैले त्यहाँ । सबै सबैको सम्झनाका तरेलीमा तरेलिन्छ मेरो मन ।

सिंगाना गाविसका दिनानाथ गौतम सर । नेरेसो बाग्लुङका दैवीप्रकोप समितिका संयोजक, सिगाना माविका शिक्षक । सदैव मेरो निर्णयमा सहमत हुन्थे । कैयन्पटक हामीसँगै फिल्ड घुमेका थियौं । हराएको मान्छेको खोजी कार्य गर्न बाग्लुङको छिस्ती र जैदीसम्म पुगेका थियौं हामी । वर्षातको याम, चिप्लो बाटो, उसमाथि काँस घाँसको घारी बाटोमा । कतिपल्ट लडेर उठाए दिनानाथ सरले गनिसाध्य भएन । कतै बास पाइएन । कतै केही खान पाइएन । हामी १२ घण्टा विना खाना, पानी हिँडिरह्यौं । कतै उकालोमा पसिना पुछ्दै त कतै ओरालोमा चिप्लेटी खेल्दै । एक ठाउँमा दुई-तीन घरमा हामीले मकै एकघान भुटेर खान दिनुस् हामी पैसा दिन्छौं भन्दा पनि कोही मनुवा हाम्रो भोक मेटाउन तयार नभएको दुःखद् यथार्थ हाम्रोसामु आइलागेको थियो । कतै मान्छे हामी आँगनमा पुग्दा दैलो बन्द गर्थे । कोही बोल्न अनकनाउँथे । अनि कतैचाहिँ सत्यकुरा भन्दैनथे । सायद सशस्त्र द्वन्द्वको मारमा परेर होला । कोही हामीलाई सरकारी सुराकी ठान्थे । कतैचाहिँ विद्रोही पक्ष । सायद हामी कोहीकसैसँग परिचित नभएर होला । बास्तबमै वडो विषम परिस्थिति थियो । सर्वसाधारणहरू भयभित र आतंकित देखिन्थे । यस्ता धेरै स्मरणहरू जीवन्त बनेर बसेका छन् मनमा । टिकाराज पौडेल मेरो सहकर्मी । घर तित्याँङ उनको । कैयनपटक बास बसेको छु त्यहाँ आमाको छत्रछाँयाको अभाव भएन । उनले मेरो धेरै कुराहरू सहजीकरण गर्थे । मलाई जिल्लाका विभिन्न गाउँहरूमा उनले नै परिचित गराएका हुन् । पहिलोपल्ट परियोजना लागूभएका हुग्दिशिर, सिँगाना, नरेठाँटीका समुदायमा उनैले लगेका हुन् । उनीसँगका धेरै पलहरू मेरो हृदयमा रेकर्ड भएर रहेका छन् ।

बागलुङ बसाइको अर्को भुल्न नहुने नाम हो रक्तसञ्चार सेवामा कार्यरत गुरुप्रसाद शर्मा भाइ । उनीसँग बसउठ भयो । उनले बनाएको खाना धेरैपटक खाएको छु । नाचगान गर्न असाध्यै सिपालु गुरु । भन्थे उनी रक्तिम सांस्कृतिक परिवारमा पनि आवद्ध थिएँ भनेर । होटल हिल भ्यू र त्यसका सञ्चालक राज थापा गल्कोटका । उनकी श्रीमती आदरणीय दिदी । करिब पाँच महिना त्यहीं होटलमै बसेको म । उहाँहरूको आत्मीयता कहाँ बिर्सन सकुँला र ! सानासाना नानीहरू पनि सम्झिरहेको छु । उनको भतिज राम भाइ प्रायः सँगै बस्थ्यौं हामी । अर्की पात्र हुन भकुण्डेकी प्रमिला थापामगर उनको घरमा लोकल भाले र कोदोको ढिँडोको मज्जा जिब्रोमै झुन्डिरहन्छ । मलाई अति खातिरदारी गर्थिन् उनी । उनको होचो कद, गोरो मुहार र लामो केशराशि याद आउँछ ।

यस्ता थुप्रै नाम छन् । सहकर्मी सुशीलराज रेग्मी, कार्यालय सहयोगी लक्ष्मी गौतम दिदी, मैले खाना खाने गरेको दुर्गा दाइ र उनकी आमा । परिवार नियोजन संघका शाखा प्रबन्धक क्षत्रबहादुर क्षेत्री, पियन बेलबहादुर विष्ट, होटलबाला श्याम दाइ थुप्रै नामसँग यादगर भएर जोडिएको छु म । संकटकाल लागेको थियो मुलुकमा । सशस्त्र द्वन्द्वको चपेटामा सलहजस्तै फैलिएको 'क' श्रेणीको जिल्ला बागलुङ । प्रायः फिल्डको कार्य । बहुत कठीन थियो । संकटले आँगन भरिएको थियो । मेरा कैयन् खतरनाक कहरपूर्ण पलहरू गुज्रिएर गए । तर माथिका असल मनहरूको कारण मेरो यहाँको बसाई र अफिसियल कार्य सहज बनेको थियो । ती असली पात्रहरूको कारण संकटका घोच्ने काँडा पनि सजिलै पोल्न सकें मैले ।

पुराना कुरा यादमा नियाल्छु । मनको ढोका ऐतिहासिक बनेर खुल्छ । धवलागिरि हिमालको काखमा बसेर, कालीगण्डकीको कञ्चन पानीका असला माछा । छाप्राहरूमा खाएका माछाका स्वाद आहा ! करिब साढे दुई वर्षको बसाइमा खेपेका, भोगेका दर्दनाक दृष्यहरू तथा रमाइला पलहरू मनमा उदाउँछन् अहिले पनि आक्कलझुक्कल । बागलुङ कालिका भगवती मन्दिर जहाँ म प्रायः पुग्थें र दृष्यपान गर्थें, कालीगण्डकी, नजिकैको खोच र जंगलको आनन्द लिन्थें । वर्षात्मा कालीगण्डकी नदीमा आउने छालजस्तै खुसीका उत्ताल छालहरू आउँथे मनमा । आतंककारीको बिल्ला भिराएर तत्कालीन शाही सेनाले समातेर लानखोज्दा छुटाउने आदरणीय गौतम बा र टीकाराम सापकोटाबालाई सम्झन्छु । त्यहीं बागलुङको नरेठाँटीको शीतलपाटी स्कुलमा म माथि खुकुरी प्रहार गर्ने नारायण भण्डारीको मुहार पनि याद आउँछ । यस्तै विभिन्नताका परिवेशहरूसँग साक्षात्कार भएको बागलुङ तिम्रो मलाई सम्झना आउँछ । बिहुँबाट घोडाबाँधे जाँदा बाटोभरी सुनौला, कालालगायत अनेकौं रङका कालिजहरू बाटोमा चरिरहेको देख्दा आनन्द महसुस गरेको छु मैले । नेपालभित्रको नेपाल भनेर चिनिने त्यो पहाडी परिवेश कहाँ चाहेर भुल्नु ।

यात्रा र त्यसको संस्मरण सबैले गर्छन् । कसैले सुखद पलका मात्र स्मरण गर्छन् त कसैले अप्ठ्यारो समयको । तर मेरा बागलुङ बसाईका ती सबै पलहरू यादगर बनेका छन् । गाजाको लेकमा भर्यभित हुँदै एक्लै यात्रा गर्दा होस्, जुकालाई टोकाउँदै हिँड्नुपर्दा किन नहोस् । अथवा 'सिमली छायाँमा बसी भरिया लामो सास फेरेको' का गायक जीवन शर्माको जोडीसँग उनीहरूका गीत सुन्दै बाटो काटेको पल । कतै बास घरभित्र नपाएर पिँढीमा सुतेर आकाशका तारा गन्दै गरेको समयलाई पनि साथ दिएको थिएँ मैले । देश बुझ्ने, आम भुइँमान्छेका दर्दनाक पीडासँग साक्षात्कार गर्ने अवसर पनि दिएको थियो उतिबेला बागलुङले । सदरमुकामको गर्मी, अनि लेकको चिसो, आँटो र गिट्ठा भ्याकुर तथा भाँगोको स्वाद चखाएकै हो बागलुङले मलाई । लाहुरेका सुन्दर सफा बस्ती, सेतामाम्ले केश फुलेको हिमाल, झोलुंगे पुलहरू, गाजाको धुरीमा फैलिएको कपास जस्तै हुस्सु, अत्यासलाग्दो त्यो वन, मनै लोभ्याउने गाजाको दह । विचित्रको सामाजिक सद्भाव र संरचना बोकेको जिल्ला । बलेवाको सुचारु नभएको एयरपोर्ट, उर्वरयोग्य गल्कोट एरिया, भकुन्डेबाट देखिने रमणीय दृष्य आदिले जहिल्यै खिच्छन् बाबै मलाई । सिँगानाको लामाचौरको दलित बस्तीमा कथित दलितको आरोप खेप्नुपरेको अनुभव, जातीय समानताको लागि मैले त्यहाँ गरेको सहभोज र त्यसको सकारात्मक प्रभाव सम्झँदा निःसन्देह मन आल्हादित छ ।

अहिले पनि आफ्नाहरू रोएर सुक्सुकाएको देख्छु । बिछोडको पीडामा मुहारको नीलीमा अध्यारो भएको पाउँछु । अहिले पनि फनफनी घुमिरहेछु, यसरी घुम्दा कहिले पुग्छु जिप चढेर मुटु काँप्ने बाटो घोडाबाँधे, कहिले जुकाले टोकेर रगताम्मे हुँदै गाजाको लेक चढ्छु । कहिले डाँडाकटेरीमा कुहिरो चुम्न पुग्छु त कहिले पैयाँपाटाका उकालो चढ्छु । बिहुँकोट हेर्दै गल्कोटका मलिला फाँटहरू चाहार्छु । अनि कहिले गल्कोटे मल्लराजाको दरबार मेरै आँखाको समीपमा पाउँछु । यादैयादमा मनले अहिले पनि पढिरहेछ त्यहाँको समग्र भूगोल ।

Kutheli Bukhari Small Hydropower Ltd.

Thapagaun - 10, Kathmandu, Nepal

Unaudited Statement of Financial Position-(Quarterly)

As on 29th Poush, 2080

Particulars	Second Quarter of Fiscal Year - 2080/081		Amount in NPR
	2nd Quarter Ended as on 29.09.2080	1st Quarter Ended as on 30.06.2080	Corresponding Previous Quarter Ended as on 30.09.2079
ASSETS			
Non-Current Assets:			
Property plant and equipment			
Gross Block	258,053,413	257,765,333	
Less Depreciation	21,096,788	20,488,284	
Net Block	236,956,625	237,277,049	
Investments	-	-	
Current Assets:			
Advances & Receivables	9,661,685	9,986,792	
Cash & Cash Equivalent	1,935,779	358,045	
Total Current Assets	11,597,464	10,344,837	
TOTAL ASSETS	248,554,089	247,621,886	N/A
EQUITY AND LIABILITIES			
Shareholder's funds			
Equity Share Capital	121,867,500	121,867,500	
Reserve and Surplus	70,058,956	64,434,989	
Total Equity & Reserve and Surplus	191,926,456	186,302,489	
Non-Current Liabilities			
Bank Loans	54,602,999	59,880,509	
Total Non Current Liabilities	54,602,999	59,880,509	
Current Liabilities			
Sundry Creditors and other Payables	1,221,602	1,438,889	
Short Term Provisions	803,032	-	
Total Current Liabilities	2,024,634	1,438,889	
TOTAL LIAIBILITES	248,554,089	247,621,886	

Unaudited Income Statement (Quarterly)

For the period from 1st Shrawan, 2080 to 29th Poush , 2080

Particulars	2nd Quarter Ended as on 29.09.2080	1st Quarter Ended as on 30.06.2080	Corresponding Previous Quarter Ended as on 30.09.2079
Revenue	21,658,769	11,019,903	
Less Direct Expenses	1,932,978	1,502,374	
Gross Profit	19,725,791	9,517,529	
Administrative Expenses	5,676,396	3,422,723	
Profit from Operation	14,049,395	6,094,805	
Less:			
Financial Expenses (Interest)	3,474,611	1,878,488	N/A
Depreciation	1,187,749	587,550	
Add:			
Other Income	1,533,911	1,533,911	
Profit Before Bonus & Tax	10,920,945	5,162,678	
Provision for Bonus	218,419	103,254	
Profit Before Tax	10,702,526	5,059,425	
Provision for Tax	383,478	-	
Net Profit after Tax	10,319,049	5,059,425	
Balance Transferred to Balance Sheet	10,319,049	5,059,425	

धितोपत्र दर्ता तथा निष्काशन नियमावली

२०७३ को अनुसुची १४, नियम २६ को उपनियम १ सँग सम्बन्धित

आ. व. (२०८०/०८१ को दोश्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण:

(क) आ.व. (२०८०/०८१ को दोश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) प्रमख वित्तीय परिसुचकहरुको विवरणहरू :

प्रति शेयर आम्दानी : - १६.९३ (वार्षिकिकरण)	प्रति शेयर नेटवर्थ : - रु. १५७.४९
प्रति शेयर कुल सम्पत्तिको मुल्य : - रु. २०३.९५	मुल्य आम्दानी अनुपात (PE Ratio) : - ५४.६८

२. व्यस्थापकीय विश्लेषण : कम्पनीको नाफा र नगद प्रवाहमा असर पर्ने खालका घटनाहरू

कम्पनीद्वारा प्रवधित आयोजनामा, यस त्रैमासिक अवधिमा नाफा र नगद प्रवाहमा असर पर्ने खालका कुनै पनि घटनाहरु भएको छैन ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

यस कम्पनीले कसै उपर कुनै कानुनी प्रकृया चलाएको छैन र अन्य कसैले पनि यस कम्पनी उपर कुनै मुद्दा चलाएको छैन ।

४. कम्पनीको शेयर कारोबार सम्बन्धी विवरण :

अधिकतम मूल्य	रु. ९६६.४०	कुल कारोवार दिन	४९
न्युनतम मूल्य	रु. ७२१.००	कुल कारोवार संख्या	१,६८३
समिक्षा अवधिको अन्तिम मुल्य	रु. ९२६.००	कुल कारोवार शेयर संख्या	६४,९८६

५. समस्या, चुनौतिहरू तथा रणनीतिहरू :

कम्पनी सामु सुक्खायाम सुरु भएको हुँदा आयोजना पुर्णरुपमा संचालन हुन चुनौतिपुर्ण रहेको छ । कम्पनीले यस आयोजनालाई राम्रो संग संचालन गर्न आवश्यक कार्यहरु गर्दै जाने लक्ष्य लिएको छ ।

६. संस्थागत सुशासन :

कम्पनीले संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकतामा राख्दै आएको छ । सुशासन सम्बन्धी निर्देशन तथा परिपत्रहरूकों पूर्ण रुपमा पालना गरिएको छ, साथै यसलाई अझ संवृद्ध बनाउँदै लैजान यस कम्पनीको सञ्चालक समिति र व्यवस्थापन प्रतिवद्ध रहेको छ ।

७. सत्य तथ्य सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण : -

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उतरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाइ सुसूचीत गर्न आवश्यक पर्ने विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।